REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:28.11.2025

*सिक्किमका मुख्यमन्त्रीले राष्ट्रपति र प्रधानमन्त्रीलाई बधाई दिए।*

नेपाली भाषा सहित आठौं अनुसूचीमा समावेश गरिएका नौ भाषाहरूमा अनुवादित भारतीय संविधानको विमोचन गर्नुभएकोमा सिक्किमका मुख्यमन्त्रीले प्रेम सिंह तामाङ भारतका राष्ट्रपति द्रौपदी मुर्मुप्रति हार्दिक आभार व्यक्त गर्नुभयो। हमारा संविधान, हमारा स्वाभिमान भन्ने प्रेरणादायी विषयवस्तु अन्तर्गत 76 औं संविधान दिवस समारोहको एक भागको रूपमा यो विमोचन गरिएको थियो।

श्री तामाङले सिक्किमका जनता र सरकारको तर्फबाट भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई हार्दिक कृतज्ञता र धन्यवाद पनि व्यक्त गर्नुभयो।

---

*शेप अफ मोमो इफ्फी गोवा*

सिक्किमेली फिल्म निर्माता त्रिबेणी राईको पहिलो फिचर फिल्म शेप अफ मोमो हिजो 56 औं अन्तर्राष्ट्रिय फिल्म महोत्सव मा भारतीय पानोरामा-खण्ड अन्तर्गत प्रदर्शित गरिएको थियो।

शेप अफ मोमो, सिक्किमको सांस्कृतिक परिदृश्यमा जरा गाडिएको कथा हो, जसले विषयगत यात्राई निरन्तरता दिन्छ।

फिल्मको प्रदर्शन पछि आयोजित पत्रकार सम्मेलनमा राईले यस सम्बन्धमा भनिन्।

---

*म्याराथन म्यान अमर सुब्बा स्टेडियम रनमा भाग लिन हैदराबाद प्रस्थान गरे*

म्याराथन म्यान अमर सुब्बा स्टेडियम रन 2025 मा भाग लिन हैदराबाद प्रस्थान गरेको छन्। यो कार्यक्रम भोलि साँझ 6 बजे सुरू हुने छ, र 12 घण्टासम्म जारी रहनेछ। 30 नोभेम्बर, आइतबार बिहान 6 बजे यसको समापन हुनेछ।

श्री सुब्बा, यस वर्ष चौथो पटक यो 12 घण्टाको स्टेडियम दौडमा भाग लिइरहेका छन्। दुई वर्षको विश्राम पछि, उनी फेरि एक पटक स्टेडियम ट्र्याकमा आफ्नो साहस र धैर्य प्रदर्शन गर्न तयार छन्।

---

*पाकिम जिल्लामा आवारा कुकुर समिति गठन*

संस्थान क्षेत्रहरूमा आवारा कुकुर व्यवस्थापन सम्बन्धी सर्वोच्च अदालतको निर्देशनको कार्यान्वयनको बारेमा छलफल गर्न आयोजित समन्वय बैठकको पालना गर्दै, पाकिम जिल्लाको पशुपालन तथा पशु चिकित्सा सेवा विभागका अतिरिक्त निर्देशकको कार्यालयले पाकिमका लागि आवारा कुकुर नियन्त्रण समिति गठनको घोषणा गरेको छ।

पाकिममा बढ़दो आवारा कुकुरको संख्या, सार्वजनिक सुरक्षा र पशु कल्याणको बारेमा बढ़दो चिन्ताको प्रतिक्रियामा यो समिति गठन गरिएको हो।

---

*मंगनमा जिल्ला स्तरीय सुवा महोत्सव*

भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयको सहकार्यमा मंगन जिल्लाको खेलकुद तथा युवा मामिला विभागले आज मंगन जिल्लास्थित पि एम श्री मंगन वरिष्ठ माध्यमिक विद्यालयमा जिल्ला स्तरीय युवा महोत्सव आयोजना गरेको थियो। रिंगिम नामपटम ग्राम पञ्चायत एकाइका अध्यक्ष शेराप भुटियाले प्रमुख अतिथिको रूपमा कार्यक्रममा भाग लिएका थिए।

कार्यक्रमको उद्देश्य युवाहरूलाई विचार, रचनात्मकता र सांस्कृतिक पहिचान व्यक्त गर्न गतिशील मंच प्रदान गर्नु साथै नेतृत्व र नागरिक जागरूकतालाई बढ़ावा दिनु थियो।

---

*BAS ले U-15 र U-17 राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप 2025 को लागि टोली पठउँदै*

ब्याडमिन्टन एसोसिएसन एफ सिक्किम ले आज गान्तोकस्थित पाल्जोर स्टेडियम कम्प्लेक्सस्थित इन्दोर ब्याडमिन्टन हलमा सिक्किम अन्डर- 15 र अन्डर-17 राज्य ब्याडमिन्टन टोलीलाई न्यानो बिदाइ समारेहको आयोजना गऱ्यो। सिक्किमको राज्य ब्याडमिन्टन टोलीले 1 देखि 6 डिसेम्बर 2025 सम्म ओडिशाको भुवनेश्वरमा आयोजना हुने अन्डर-15 र अन्डर-17 राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिप 2025 मा राज्यको प्रतिनिधित्व गर्नेछ।

उक्त च्याम्पियनशिपमा केटा र केटी लगायत 10 खेलाड़ी, 2 प्रशिक्षक र 1 प्रबन्धक सहित 10 खेलाड़ीले सिक्किमको प्रतिनिधित्व गर्नेछन्।

---

*गेजिङ खुल्ला फुटबल खेल प्रतियोगिता*

गेजिङ बर्मेक निर्वाचन क्षेत्रको लेक्शेप बालुवाखानी खेलमैदानमा बाला चर्तुदर्शी मेलाको अवसरमा खेलाइएको खुल्ला फुटबल खेल प्रतियोगिताको आज दोस्रो सेमिफाइनल खेल चटयाङ फुटबल क्लब बनाम एनएचपीसी हिङदाम बिच सम्पन्न भएको थियो जसमा चटयाङ फुटबल क्लबले 1 गोलका विरूद्ध र गोल गरि फाइनलमा प्रवेश गरेका छ भने आगामी 30 नोभेम्बरको दिन बुट क्याम्प हिङदाम सँग फाइनल खेल हुने छ। यस समारोहमा मुख्य अतिथि राभाङला बुद्ध पार्कका ओएसडी छोतेन भोटिया रहेका थिए। आयोजक समितिले दिएको जानकारी अनुसार क्षेत्र विधायक लोक नाथ शर्माको पहलमा साथै मानव सेवा समिति गैर सरकारी संस्थाले यस खेलको आयोजना गरेको छ। यसको फाइनल खेल आगामी विजेता दललाई नगद 2 लाखसहित आकर्षक ट्रफी र उपविजेता दललाई नगद 1 लाख ट्रफी प्रदान गरिने आयोजक समितिले जानकारी गराएका छन्।

---

*ब्लूमिङ याङगाङ फेस्टिभल नाम्ची*

ब्लूमिङ याङगाङ फेस्टिभलको दोस्रो दिन आज अथाह ऊर्जा र सहभागिताका साथ सम्पन्न भयो, जसले प्रतिष्ठित व्यक्तिहरू, खेलाडीहरू, समुदायका सदस्यहरू र आगन्तुकहरूलाई एकसाथ ल्यायो। खाद्य प्रशोधन विभागका स्ल्लाहकार सी. एल. गुरूङ प्रमुख अतिथिको रूपमा उपस्थित थिए।

दोस्रो दिनको प्रमुख आकर्षण 10 किलोमिटर म्याराथन थियो, जसमा क्षेत्रभरका धावकहरूको उत्साहजनक सहभागिता देखियो।

---